# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


मधेशी आयोग
ज्वागल, ललितपुर

मितिः २०७९।१०।२५

# प्रेस विज्ञप्ति

नेपालको विप्रेषणमुखी अर्थतन्त्रमा वैदेशिक रोजगारले अतुलनीय योगदान गरिरहेको सर्वविदितै छ । तराई मधेशका युवा पनि आन्तरिक रोजगारीको अवसरको कमिले बाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जानु परिरहेको छ । वैदेशिक रोजगारको अवस्था हेर्दा रोजगारीपूर्व, रोजगारी र रोजगारी पश्चात तीनै चरण चिन्ताजनक छ । अझ परिवारको रोजीरोटीका लागि विदेशिएका युवाहरु बाकसमा फर्किनुले वैदेशिक रोजगारको सुरक्षाको अवस्था र स्तर बोध गराउदछ । मृत्यू पश्चात मृतकको परिवारले प्राप्त गर्ने राहत लगायतका सुविधाहरुमा पनि विचौलियाहरुको चलखेलले गर्दा थप पिडित हुनुपर्ने अवस्था रहेको छ । यस तर्फ सम्बन्धित निकायले उच्च चासो दिनुपर्ने देखिन्छ । यसर्थ वैदेशिक रोजगारमा गएका युवाहरुको रोजागरी सुरक्षा साथै मृतकका आश्रित परिवारले प्राप्त गर्ने राहत रकम प्राप्तीलाई सहज र सरल गराउने तर्फ नेपाल सरकार लगायत सरोकारवालाहरुले उचित पहल गरिदिनुहुन मधेशी आयोगले हार्दिक अपिल गर्दछ ।

मधेशी आयोग